


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर ९ गते बिहीबार ❑ 25 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## कास्कीमा एक हजार नौ सय २० किशोरकिशोरीले लगाए फाइजर खोप

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ मंसिर**



कास्कीमा १२ वर्षभन्दा माथिका किशोरकिशोरी लगाइने कोरोनाविरुद्धको फाइजर खोप एक हजार ९२० जनाले लगाएका छन् ।

कास्कीमा पहिलो चरणमा उपलब्ध दुई हजार १०० खोपमध्येसम्म मङ्गलबारसम्म एक हजार ९२० जनाले लगाएको पश्चिमाञ्चल स्वास्थ्य विज्ञान प्रतिष्ठानका कोरोना फोकल पर्सन डा शरद बरालले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लामा गत कात्तिक २८ देखि यही मङ्सिर ३ गतेसम्म उक्त उमेर समूहका दीर्घरोगीलाई प्राथमिकता दिएर प्रदान गरिएको र बाँकी अरू किशोरकिशोरीका लागि प्रदान गरिएको थियो । उहाँले बाँकी खोप बुधबार प्रदान गरिने बताउनुभयो । गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका तथ्याङ्क अधिकृत दिवाकर शर्माका अनुसार कास्कीमा उक्त उमेर समूहका करिब ६० हजार किशोरकिशोरी छन् भने गण्डकी प्रदेशभरि चार लाख ३२ हजार ८४३ रहेका छन्। पहिलो चरणमा भाइजर खोप गण्डकी प्रदेशका कास्की र धौलागिरिका दुई अस्पतालबाट सञ्चालन गरिएको हो । धौलागिरिमा बुधबारसम्म एक हजार ९६ जनाले लगाएका छन् । अमेरिकासहित विभिन्न देशमा कोभिडविरुद्ध प्रयोग गरिएको फाइजर खोप नेपालमा पहिलो चरणमा एक लाख ६२० खोप देशका विभिन्न २५ वटा अस्पताललहरूमा सञ्चालन भएका छन् । यो खोप नेपालमा १२ देखि १८ वर्ष उमेर समूहका किशोरकिशोरीमा दिइएको छ । अहिलेसम्म नेपालमा कोभिसिल्ड, भेरोसेल र जोनसन एन्ड जोनसन खोप प्रयोगमा ल्याइएको छ।

## गण्डकी प्रदेश स्वास्थ्य नीति जारी, आधारभुत स्वास्थ्य सेवा नि:शुल्क

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ मंसिर**



गण्डकी प्रदेश सरकारले पहिलो पटक स्वास्थ्य निति निर्माण गरेको छ।

सरकारको मन्त्रिपरिषदको बैठकले गण्डकी प्रदेश स्वास्थ्य निति २०७८ जारी गरेको हो । मुख्यतः हरेक स्वास्थ्य सस्थामा स्वास्थ्यकर्मी पुर्‍याउने उद्धेश्यका साथ नया स्वास्थ्य नितिमा एक चिकित्सक, स्वास्थ्यकर्मी एक सस्था निति अबलम्वन गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्री मधु अधिकारीले जानकारी दिनुभयो।

मन्त्री अधिकारीका अनुसार यो स्वास्थ्य नीतिले बिशेष गरि नेपालको राजनितिक परिबर्तनका लागि भएका जनयुद्ध, जनआन्दोलन,मधेश तथा थारुहट आन्दोलनका क्रममा भएका शहिद तथा बेपत्ता, घाईते अपाङ्गता भएका ब्याक्ति तथा परिवारको स्वास्थ्यको सुनिश्चित गर्ने उद्धेश्यले प्रदेश मातहतका अस्पताल मार्फत नि:शुल्क उपचारको ब्यबस्था मिलाउने कुरा नीतिमै उल्लेख गरिएको छ। त्यसैगरि आधारभुत स्वास्थ्य सेवालाई नागरीकको मौलिक हकको रुपमा स्थापित गरिसकेको सन्र्दभमा प्रदेशका जनताको स्वास्थ्य संबन्धी मौलिक हकलाई सुनिश्चित गर्दे कार्यान्वयन गर्ने दायित्व प्रदेश सरकारको हुने ब्यबस्था निति मार्फत गरिएको छ । संघियताको मर्म बमोजिम संघ र स्थानिय तह संग सहकार्य गर्दे समतामुलक गुणस्तरीय स्वास्थ्य सेवा प्रबाहमा आमनागरीकको सर्बब्यापी पहुँच सुनिश्चित गर्ने कार्यको आरम्भ पनि प्रदेश स्वास्थ्य नितिले गरेको बताइएको छ । स्वास्थ्य बिमा लागु भएका अस्पतालहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम लागु गरि स्वास्थ्य बिमालाई थप प्रभावकारी बनाउन संयन्त्र र्निमाण गरिने कुरालाई नितिमा जोड दिइएको छ।

प्रदेश भित्र पाईने बिभिन्न जडिबुटीहरुलाई उत्पादन गर्न प्रोत्साहनको निति लिइएको छ । ब्याक्तिको आयआर्जनका लागि पनि जडिबुटी उत्पादन तथा प्रसारण लाई जोडेर लैजाने महत्वपुर्ण बिषय नितिमा राखिएको स्वास्थ्य मन्त्री अधिकारीले जानकारी दिनुभयो । प्रदेशलाई चाहिने स्वास्थ्यकर्मी तथा बिशिष्ट दक्ष जनशक्तिका लागि छात्रबृत्तिको ब्यबस्था मिलाईने कुरा नीतिमा उल्लेख छ।

गण्डकी प्रदेश पर्यटकहरुको प्रमुख गन्तव्य स्थल भएको अर्न्तराष्ट्रिय पर्यटकिय चिकित्सा केन्द्रको रुपमा स्थापना गर्दे पर्यटकमैत्रि स्वास्थ्य सेवा सुनिश्चित गर्ने, किशोरीका लागि आईरन लगायतका आबस्यक तत्वको उपलब्धता लगायतका बिषय पनि नितीमै राखिएको छ । त्यसैगरि सरकार द्धारा एक पालिकाः एक ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम लागु गरिनेछ।

## मुख्यमन्त्री पोखरेल महाधिवेशन प्रतिनिधिमा निर्वाचित

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ मंसिर**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल नेपाली कांग्रेसको १४औँ महाधिवेशन प्रतिनिधिमा खुलातर्फबाट निर्वाचित हुनुभएको छ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को निर्वाचन क्षेत्र नं १ बाट सबैभन्दा बढी मत प्राप्त गर्ने दोस्रो नम्बरमापर्दैपोखरेलमहाधिवेशन प्रतिनिधिमा निर्वाचित हुनुभएको हो । जिल्लाबाट पुरुष खुलातर्फ महाधिवेशन प्रतिनिधिमा निर्वाचित भएका व्यक्तिमा गजेन्द्रबहादुर आले (५२५), कृष्णचन्द्र नेपाली पोखरेल ५२०, गणेश सापकोटा (५०५), महेन्द्रध्वज जिसी (४८५), अशोक बस्ताकोटी (४६५), मदनभक्त अधिकारी (४५७), बालकृष्ण घिमिरे (४४७), गोकुल सापकोटा (४२४), भरतराज तिवारी (४१४) र ओमप्रसाद सापकोटा (३८५) हुनुहुन्छ। त्यस्तै महिला खुलातर्फ ओमकला गौतम (५३१), विष्णुकुमारी कँडेल (४६१), सङ्गीता घिमिरे काफ्ले (४४३), विष्णुदेवी पाण्डे (४०३) हुनुहुन्छ । नवलपरासी बर्दघाट-सुस्तापूर्व)को निर्वाचन क्षेत्र नं १ को सभापतिमा अमृत भट्टचन निर्वाचित हुनुभएको छ।

भट्टचनले ६७० मत प्राप्त गर्दा उहाँका निकटम प्रतिस्पर्धी कमलप्रसाद पराजुलीले ४४७ मत प्राप्त गर्नुभएको थियो ।

सचिवमा अमृत श्रेष्ठ (५८७) र शालिकराम सापकोटा (५६४) निर्वाचित हुनुभएको छ । सहसचिवमा टीकाराम सापकोटा (५८३ मत) र तेजप्रसाद घिमिरे (५८०) विजयी हुनुभएको निर्वाचन अधिकृत चूडामणि शर्माले जानकारी दिनुभयो । मङ्गलबार भएको निर्वाचनमा नवलपुर क्षेत्र नम्बर १ मा एक हजार १५१ मत खसेको थियो ।

## एमाले महाधिवेशन उद्घाटनका दिन भरतपुरमा गाडी नचल्ने

**रासस**
**चितवन, ८ मंसिर**

नेकपा (एमाले) को १०औं राष्ट्रिय महाधिवेशन उद्घाटनका दिन नारायणगढ र भरतपुर क्षेत्रका मुख्य सहरी क्षेत्रमा सवारीसाधन चल्न रोक लाग्ने भएको छ । मानिसको चाप बढी हुने भएपछि व्यवस्थापन सहजका लागि सवार ।साधनमा रोक लगाइएको हो।

प्रमुख जिल्ला अधिकारी असमान तामाङका अनुसार नारायणीको पुल, बाङ्घरे, बेलचोक, त्रिचोक, केन्द्रीय बस ट्र्मिनल, बाइपास सडक र आँपटारी क्षेत्रभित्रका सडकमा सवारीसाधन सञ्चालनमा रोक लगाइने भएको हो । बिहान ९ देखि साँझ ५:३० बजेसम्म सवारीसाधन सञ्चालनमा रोक लगाइनेछ।

मानिसको चाप धेरै भएको ठाउँमा सवारीसाधनसमेत चले दुर्घटना हुन सक्ने भएकाले पूर्वतयारीका साथ सावधानी अपनाइएको उहाँले बताउनुभयो । आयोजकले २० स्थानमा डिस्प्ले बोर्ड राख्ने भएकाले सहभागीले गाडी रोकिने ठाउँ आसपासका बोर्डबाट समेत कार्यक्रम हेर्न पाउनेछन् । तामाङले भन्नुभयो, "यसले गर्दा कार्यक्रमस्थलको भीड कम हुन्छ ।" जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक ओमप्रसाद अधिकारीका अनुसार सो दिन सुरक्षा प्रबन्धको सबै खालको व्यवस्थापन गरिएको छ । गाडी रोकिने नाकाहरूमा सुरक्षाकर्मी रहेर सुरक्षाको व्यवस्था गर्ने छन्।

महाधिवेशनको उद्घाटन स्थल नारायणी नदी किनारमा बनाइएको छ । उद्घाटनमा पाँच लाख सहभागी गराउने सो पार्टीले जनाउँदै आएको छ। यसैगरी भरतपुर अस्पतालले स्वास्थ्य बीमाको टिकट अनलाइनबाट काट्ने व्यवस्था गरेको छ । यसअघि अस्पतालले बीमा टिकटबाहेक अन्य बहिरङ्ग सेवाको टिकट अनलाइनबाट काट्न सुरु गरेको थियो।

अस्पतालका सूचना अधिकारी गोपाल पौडेलका अनुसार भरतपुर अस्पतालको मोबाइल एप्लिकेसन वा अस्पतालको वेबसाइटमा गएर आजदेखि स्वास्थ्य बीमाको टिकट लिन सकिने व्यवस्था गराएको छ । उहाँले टिकट लिन अत्यधिक भीड भएपछि अनलाइन टिकट सुरु गरिएको बताउनुभयो।

कोरोनापछि दैनिक स्वास्थ्य बीमाका बिरामी आठ सयको हाराहारीमा अस्पतालमा आउने गरेको पौडेलले जानकारी दिनुभयो । सामान्य अवस्थामा भरतपुर अस्पतालमा दैनिक एक हजारभन्दा बढी बिरामी आउने गरेका छन् । स्वास्थ्य बीमाको टिकट पनि अनलाइनबाट व्यवस्था गरिने भएपछि बिरामीहरू बढ्ने उहाँले जानकारी दिनुभयो।

## थप ३३२ मा संक्रमण पुष्टि, चारको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ मंसिर**

देशभर पछिल्लो २४ घण्टामा थप ३३२ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। कूल नौ हजार ९२० मा कोरोना परीक्षण गर्दा ३३२ जनामा सङ्क्रमण पुष्टि भएको हो।

सङ्क्रमित सङ्ख्या सात हजार ३६९ रहेका छन् । पछिल्लो समय थप २३२ जना सङ्क्रमणमुक्त भएका छन् । योसँगै भाइरस सङ्क्रमणुक्त हुनेको सङ्ख्या आठ लाख एक हजार १२२ पुगेको छ। सङ्क्रमणमुक्त हुने दर ९७ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

पाँच सयभन्दा बढी सङ्क्रमण भएका जिल्ला काठमाडौँ र ललितपुर रहेका छन् । यस्तै शून्य सङ्क्रमित भएका जिल्ला मनाङ, हुम्ला, डोल्पा, जाजरकोट र मुगु रहेका छन् । नेपालमा सङ्क्रमण दर १७.९ प्रतिशत रहेको छ । हाल होम आइसोलेशनमा छ हजार ९८१, संस्थागत आइसोलेशनमा ३८८, आइसियुमा २०६ र भेन्टिलेटरमा ४० जनाको उपचार हुँदैछ। पछिल्लो २४ घण्टामा कोरोनाबाट बुधबार थप चारको मृत्यु भएको छ । योसँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५१३ पुगेको छ । त्यसैगरी पछिल्लो समय एक लाख ४७ हजार २६२ ले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ । पहिलो मात्रा ९२ लाख ८४ हजार ३३७ ले र पूर्ण मात्रा ८० लाख ५९ हजार ३०२ ले खोप लगाएका छन्।

## हरेक विद्यालयलाई उद्यमस्थल बनाउनुपर्छ : अर्थमन्त्री

**रासस**
**काठमाडौं, ८ मंसिर**

अर्थमन्त्री जनार्दन शर्माले विद्यालयलाई उद्यमस्थल बनाउनुपर्ने बताउनुभएको छ । एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनको राष्ट्रिय परिषद्लाई आज सम्बोधन गर्नुहुँदै उहाँले समाजवादको आधार तयार गर्न विद्यालयलाई उद्यमस्थल बनाउनुपर्ने बताउनुभयो।

"अब हाम्रा विद्यालय कृषि फर्म, गाई फर्म, कुखुरा फर्मलगायत बगैँचासहितको हुनुपर्‍यो । विद्यालय उद्योग हुनुपर्‍यो", मन्त्री शर्माले भन्नुभयो, "एकातिर पढ्ने जनशक्ति निर्माण

**बाँकी अन्तिम पृष्ठमा ▶▶**



# शिविरमा १७६ जनाको स्वास्थ्य परीक्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ मंसिर**

जिल्ला प्रशासन कार्यालय कास्कीको आयोजना एवम् पोखरा नर्सिङ क्याम्पस र मेडिप्लस हस्पिटल एण्ड रिसर्च सेन्टरको सहयोगमा बुधबार आयोजित निशुल्क स्वास्थ्य शिविरमा १७६ जनाको स्वास्थ्य परीक्षण गरिएको छ।



जिल्ला प्रशासन कार्यालय कास्कीको प्राङ्गणमा आयोजित शिविरमा सेवाग्राही, सरकारी कर्मचारी लगायतले स्वास्थ्य परीक्षण गराउनुभएको थियो।

सेवाग्राहीको चाप भैरहने कार्यालयमा सामाजिक उत्तरदायित्व समेत बोध गर्दै स्वास्थ्य शिविर आयोजना गरिएको प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले बताउनुभयो। शिविरमा सेवाग्राहीले आफ्ना विभिन्न स्वास्थ्य समस्याको परीक्षण गराउनुभएको नर्सिङ क्याम्पस पोखराका बन्डी गुरुङले जानकारी दिनुभयो।

## हरेक...

गर्ने, अर्कोतिर उनीहरूको श्रम प्रयोग गरेर उत्पादन गर्ने हुनुपर्‍यो।" उहाँले समाजवादतिर जान हरेक विद्यालयले एउटा उद्यम गर्नैपर्ने बताउनुभयो।

विद्यालयलाई उद्यम केन्द्रित बनाउँदा सामुदायिक पूँजी निर्माण हुने उल्लेख गर्दै मन्त्री शर्माले त्यो समाजवादको आधार बन्ने बताउनुभयो। यसले उत्पादनका स्रोत र साधनमा सामुदायिक स्वामित्व रहने उहाँको भनाइ छ। सामुदायिक स्वामित्वबाटै समाजवादको आधार तय हुने उहाँले बताउनुभयो। "विद्यालयको पूँजी भनेको सामुदायिक हुन्छ", उहाँले भन्नुभयो, "त्यस्तै किसिमको अरू सामुदायिक पूँजी निर्माण गर्ने समूह/समुदाय बनाउनुपर्छ।"

मन्त्री शर्माले पछिल्लो समय विद्यालय नयाँ खोल्नुभन्दा मेगा विद्यालय बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले थोरै विद्यार्थी तर धेरै विद्यालय हुँदा गुणस्तरीय शिक्षा प्रदानमा समस्या भइरहेको बताउनुहुँदै भन्नुभयो, "अब ठूलो/मेगा विद्यालय बनाउनुपर्छ र त्यही शैक्षिक प्रविधिलाई केन्द्रित गर्नुपर्छ।" उहाँले एकै ठाउँ हजारौँ विद्यार्थीलाई पढाउने भौतिक संरचना बनाएर सोअनुसार केन्द्रीकृत गर्नुपर्ने उहाँको भनाइ छ। नेकपा (माओवादी केन्द्र) का स्थायी समिति सदस्यसमेत रहनुभएका मन्त्री शर्माले पार्टीले 'प्रचण्डपथ' त्यागेर ठूलो गल्ती गरेको बताउनुभयो। प्रचण्डपथ त्यागेकै कारण पार्टी विचलित र फुटको स्थितिमा पुगेको बताउनुभयो। "शान्ति प्रक्रियामा आउँदै गर्दा प्रचण्डपथलाई निर्णय गरेर हटायौँ", उहाँले भन्नुभयो, "त्यो ठूलो गल्ती थियो। मैले त्यतिबेला नै यो गल्ती हुँदैछ भनेको थिएँ।" प्रचण्डपथले नै त्याग, बलिदान, विचार तथा सङ्गठनलाई केन्द्रीकरण गरेको बताउनुहुँदै उहाँले त्यो त्याग्नासाथ पार्टीमा विभाजन भएको बताउनुभयो।




उम्मेदवारी घोषणाः नेपाली काँग्रेसको १४औं महाधिवेशन अन्तर्गत गण्डकी प्रदेश सभापति पदका लागि पत्रकार सम्मेलन मार्फत उम्मेदवारी घोषणा गर्दै काँग्रेसका नेता देवराज चालिसे। तस्वीर : वासुदेव पौडेल

# तनहुँ कांग्रेसको नेतृत्वमा युवा

**पोखरापत्र संवाददाता**
**दमौली, ८ मंसिर**

नेपाली कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत तनहुँमा सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचन क्षेत्र र प्रदेशसभा निर्वाचन क्षेत्रको नेतृत्वमा युवाको वर्चस्व देखिएको छ। दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र र चार प्रदेशसभा क्षेत्र रहेको जिल्लामा युवा नेतृत्वमा आएका हुन्।

तनहुँ क्षेत्र नं १ को सभापतिमा युवा नेता श्याम मौराती निर्वाचित हुनुभएको छ। यही क्षेत्रको सचिवमा तरुण दलका सचिव दयानिधि नराल र बन्दीपुरका युवा नेता राजु बानियाँ निर्वाचित हुनुभएको छ। सहसचिवमा शैलेश खाती र युवराज आले निर्वाचित हुनुभएको छ। तनहुँ क्षेत्र नं २ को सभापतिमा नेपाल विद्यार्थी सङ्घका जिल्ला अध्यक्ष चूडामणि खनाल निर्वाचित हुनुभएको छ। सचिवमा तरुण दल व्यास नगरका कार्यवाहक सभापति जीवन चन्द ठकुरी र सन्तोष घिमिरे निर्वाचित हुनुभएको छ। दुवै क्षेत्रको कार्यसमिति सदस्यमा पनि युवा निर्वाचित भएका छन्।

तनहुँ क्षेत्र नं २ (क) को सचिवमा युथ कांग्रेसका जिल्ला संयोजक राजेशकुमार श्रेष्ठ अत्यधिक मतसहित निर्वाचित हुनुभयो। समग्र युवाको प्रतिनिधित्व गर्दै आफू उम्मेदवार बनेको र विजयी भएको उहाँले बताउनुभयो।

महाधिवेशन प्रतिनिधिमा पनि युवाको उम्मेदवारी रहे पनि केही युवा पराजित हुन पुगे भने केही युवा निर्वाचित भएका छन्। नेपाल तरुण दल तनहुँका वरिष्ठ उपाध्यक्ष मोहनकुमार श्रेष्ठ, अधिवक्तासमेत रहनुभएका मिलन आले, नेपाल विद्यार्थी सङ्घका महामन्त्री दीपक भट्टराई, चामबहादुर थापा युवाको प्रतिनिधित्व गर्दै महाधिवेशन प्रतिनिधिमा विजयी हुनुभएको छ। तनहुँ क्षेत्र नं १ (क) बाट प्रदेश प्रतिनिधिमा अत्यधिक मत ल्याएर निर्वाचित नेपाल विद्यार्थी सङ्घका पूर्वकेन्द्रीय सदस्य एलिजा ढकालले युवा पुस्ताको पार्टीमा आकर्षण बढेको बताउनुभयो। युवा नेविसङ्घ र तरुण दलमा जोडिने तर यी दुवै सङ्गठन निष्क्रिय रहेकाले युवाको पार्टीको नेतृत्वमा आकर्षण बढेको उहाँको बुझाइ छ।

उहाँले युवाले नेतृत्व चयनमा आफ्नो सहभागिता खोज्न थालेकाले पनि पार्टीको नेतृत्वमा युवा निर्वाचित भएको बताउनुभयो। पार्टीको मूलधारमा युवा आउँदा पार्टी क्रियाशील हुने उहाँको विश्वास छ।

# राखेप पूर्व उपाध्यराखेप पूर्व उपाध्यक्ष टेण्डीको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ मंसिर**

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का पूर्व उपाध्यक्ष लामा टेण्डी शेर्पाको निधन भएको छ।

शेर्पाको बुधबार बिहान साँढे ३:०० बजे विशालनगरस्थित ओरिगन केयर होममा उपचारकै क्रममा निधन भएको उनको पारिवारीक श्रोतले जनाएको छ। ५० बर्षका टेण्डीको नशा सम्बन्धी रोगले थला पर्नुअघि अमेरिका, भारत, चीन लगायतमा उपचार भएको थियो। उनको उक्त अस्पतालमा विगत दुई बर्ष देखि उपचार हुदै आएको थियो।

बौद्धस्थित शेर्पा गुम्बामा उनको अन्तिम दाहसंस्कार हुने भएको उनका आफन्तले जनाए। नेपाल ओलम्पिक कमिटी (एनओसी) र नेपाल खेलकुद महासंघका पूर्व महासचिव, नेपाल बास्केटबल संघका पूर्व अध्यक्ष समेत रहेका टेण्डीका बुवा, आमा, दुई दाई र बहिनी छन्।

# आगलागीबाट पचास लाख क्षति

**पोखरापत्र संवाददाता**
**वालिङ, ८ मंसिर**

स्याङ्जाको वालिङ नगरपालिका-८ वालिङबजारमा रहेको गाउँबेँसी डिपार्टमेन्टल स्टोर्समा आगलागी हुँदा झण्डै रु पचास लाखको क्षति भएको छ।

गए राति १:३० बजेको समयमा विद्युत् सर्ट भई आगलागी हुँदा स्टोर्समा रहेका सामान जलेर नष्ट भएको सञ्चालक सुधन श्रेष्ठले जानकारी दिनुभयो। सञ्चालक श्रेष्ठका अनुसार कम्प्युटर, सिसी टिभी र टिभी पसलमा रहेका खाद्यान्नसहितका अन्य सामग्री नष्ट भएका छन्। "सामन धेरै जलेर नष्ट भएका छन् भने अन्य सामान धुवाँका कारण गन्हाउने समस्या छ", सञ्चालक श्रेष्ठले भन्नुभयो, "आगोकै कारण ठूलो क्षति बेहोर्नुपरेकामा दुःख लागेको छ।" राति नै नगरपालिकाको दमकलको सहायतामा आगो नियन्त्रणमा लिइएको थियो।

# दुर्घटनामा ज्यान गुमाएका विद्यार्थी नेताका परिवारलाई नौ लाख क्षतिपूर्ति

**रासस**
**दमौली, ८ मंसिर**

बसको ठक्करबाट मृत्यु भएका गोरखा पालुङ्टारका अखिल क्रान्तिकारी विद्यार्थी सङ्गठनका अध्यक्ष सुवर्ण देवकोटाको परिवारलाई रु नौ लाख क्षतिपूर्ति दिने सहमति भएको छ।

यातायात व्यवसायी, पीडित पक्ष र पीडकपक्षबीच भएको त्रिपक्षीय वार्ताले मृतकका परिवारलाई क्षतिपूर्तिबापत उक्त रकम प्रदान गर्ने सहमतिपछि आफन्तजनले शव बुझेका हुन्।

मृतकका आफन्तजनले उचित क्षतिपूर्ति नदिएसम्म शव नउठाउने चेतावनीसहित करिब आधा घण्टा पृथ्वीराजमार्ग अवरुद्ध गरेपछि त्रिपक्षीय वार्ता बसेको थियो। मृतकका परिवारलाई दुर्घटना बीमाबापत रु पाँच लाख र चालकको लापरबाहीका कारण युवा नेताको मृत्यु हुन पुगेकाले चालकका तर्फबाट रु चार लाख गरी कूल नौ लाख क्षतिपूर्ति दिने सहमति भएको हो।

मङ्गलबार डुम्रे बैंसीशहर सडकखण्डमा पर्ने तनहुँको भानु नगरपालिका-१ भन्सारमा बसको ठक्करबाट स्कुटर चालक विद्यार्थी नेता २४ वर्षीय सुवर्ण देवकोटाको घटनास्थलमै मृत्यु भएको थियो। बाइसजाँगरबाट डुम्रे जाँदै गरेको ना६ख ९१३४ नम्बरको यात्रु बसका चालकको लापरबाहीका कारण सोही दिशामा गुडिरहेको बा४५प २३८ नम्बरको स्कुटर चालक विद्यार्थी नेताको मृत्यु भएको हो।

बसका चालकको चरम लापरवाहीका कारण विद्यार्थी नेता देवकोटाको मृत्यु भएको भन्दै मृतकका आफन्तजनले शव बुझेका थिएनन्। सहमतिपश्चात् बुधबार साँझ आफन्तजनले शव बुझेर दाहसंस्कारका लागि पालुङ्टार नै लगेका छन्।

# मंसिर १५ गतेदेखि गोलाप्रक्रियाबाट पेसी तोकिने

**रासस**
**काठमाडौं, ८ मंसिर**

सर्वोच्च अदालतमा यही मङ्सिर १५ गतेदेखि गोलाप्रक्रियाबाट पेसी तोकी मुद्दाको सुनुवाइ हुने भएको छ।

प्रधानन्यायाधीशहरूसहित सर्वोच्च अदालतका न्यायाधीशको बिहीबार बस्ने पूर्ण बैठक (फूलकोर्ट) ले यही मङ्सिर १५ गतेदेखि गोलाप्रक्रियाबाट पेसी तोकी मुद्दाको सुनुवाइ गर्ने निर्णय गर्नेछ। सर्वोच्च अदालतका १९ जना न्यायाधीशको आज बसेको अनौपचारिक बैठकले सर्वोच्च प्रशासनसँग सहमति गरी पूर्ण बैठक बस्ने र गोलाप्रक्रियाबाट सुनुवाइ गर्ने तय गरेको हो। सर्वोच्च अदालतका १९ न्यायाधीशले सर्वोच्च अदालतमा पूर्ण बैठक बस्नुअघि नेपाल बार एशोसिएशनका प्रतिनिधिसँग आगामी दिनमा कसरी अगाडि बढ्ने भन्नेबारेमा छलफल गर्ने तयारीसमेत रहेका छन्। प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरासहित सर्वोच्च अदालतका सम्पूर्ण न्यायाधीशको यही मङ्सिर २ गते बिहीबारको पूर्ण बैठक (फूलकोर्ट) ले गोलाप्रक्रियासहित नियमावली पास गर्ने निर्णय गरेको थियो। उक्त निर्णयअनुसार सोमबार राजपत्रमा प्रकाशितसमेत भइसकेको छ। गोलाप्रक्रियाबाट मुद्दाको पेसी तोकी सुनुवाइ गर्नुपर्ने माग सर्वोच्च अदालतका न्यायाधीश र नेपाल बार एशोसिएशनको पनि थियो। उक्त माग पूरा हुने भएको छ। सर्वोच्च अदालतको गत कात्तिक ८ गतेदेखि मुद्दाको सुनुवाइ हुन सकेको छैन। बीचबीचमा बन्दीको मुद्दामा मात्र सुनुवाइ भएको थियो। पछिल्लो समयमा केही अन्य मुद्दामा पनि सुनुवाइ भएको छ। अदालतमा मुद्दाको चापअनुसार नियमितरुपमा बेन्च बस्न नसक्दा न्यायको पर्खाइमा बसेका सेवाग्राही मर्कामा परेका छन्।

**राष्ट्रिय जनगणना २०७८**
**मेरो गणना-मेरो सहभागिता**

आगामी **कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म** जनगणना गर्न सबैको घरमा गणकहरु आउदै हुनुहुन्छ। जनगणनाको पहिलो चरणको सूचीकरण अभियानमा समावेश भएका वा छुटेका सबै परिवारले गणकहरुलाई आ-आफ्नो विवरण लेखाऔ।

जनगणनाबाट प्राप्त तथ्याङ्कले संविधानमा व्यवस्था भएका मौलिक हक अधिकार कार्यान्वयनको मूल्यांकन गर्न र लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्न मद्दत पुग्दछ।

**गणना गर्ने अवधिः कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**पायल्सका बिरामीको उपचार सेवा**

**२०७८ मंसिर ९ र १० गते**
**डा. हरि शरण अर्याल पायल्स-क्षारसुत्र विज्ञ**

यस पञ्चम आयूर्वेद क्लिनिक प्रा.लि मा
काठमाण्डौका विज्ञ डा. हरि शरण अर्याल (कन्सलटेन्ट फिजिसियन)
यहि मंसिर ९ र १० गते आउनुहुने भएकोले पायल्स, गुदद्वार सम्बन्धि समस्या भएका बिरामिहरुले सम्पर्क राखि स्वास्थ्य लाभ लिनुहोला।

लक्षणहरु : १. दिशागर्दा रगत आउने, दुख्ने, पोल्ने, चिलाउने। २. दिशागर्ने ठाँउमा मासु पलाएको। ३. दिशा राम्रोसंग नखुल्ने। ४. पायल्स, फिस्टुला, फिसर, पाइलोनिडल साइनस। ५. भोक नलाग्ने, छाती पोल्ने, पेट फुल्ने, अमिलोपानी आउने।

पेट सम्बन्धी रोगहरुः ग्याष्ट्रिक, अल्सर, दिशा बढि लाग्ने, जण्डिस पत्थरी।

क्षारसुत्र विधिबाट बिना अप्रेशन पायल्सको उत्कृष्ट उपचार सेवा।

**पञ्चम आयूर्वेद क्लिनिक प्रा.लि.**
पोखरा-१०, इन्द्रचोक पोखरा रङ्गशाला नजिकै फोन नं. ०६१-५३२२६२, ५३०४०७, ९८५६०६८८०६

फोनबाट पनि नाम दर्ता गराउन सकिन्छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# विद्वान कानुन ब्यवसायिका कुरा सुन

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको राजीनामा माग गर्दै आन्दोलित नेपाल बार एसोसिएसन उच्चस्तरीय अदालत धर्नामा आएको छ। बारका प्रतिनिधि उच्च अदालतमा धर्ना दिने र न्यायालय सुधारका कार्यक्रमबारे स्पष्ट पार्ने काम गरेका छन । प्रधानन्यायाधीश राणाले राजिनामा नदिएपछि महाअभियोग लगाउनुपर्ने अभियानमा छन। बारको आन्दोलनमा न्यायालयमा हुने भ्रष्टाचार, वेथितिका लागि भन्दा प्रधानन्यायाधीश विरुद्ध केन्द्रीत छ। अदालतबाट गरिब र असहायले न्याय पाउने अवस्था छैन । न्यायाधीश नियुक्तिको बेलादेखि नै भ्रष्टाचार र खोल्तीबाट नियुक्ति हुने गर्दछ।

न्यय परिषद्को संरचना र न्यायाधीश नियुक्ति प्रणाली सुधार नगरि गरिबले न्याय पाउन सक्दैनन्। राजनीतिक दलको भागबन्डामा न्यायाधीश नियुक्ति गरेर सक्षम न्यायालयको कल्पना गर्नु समयको बर्वाद हो। बारले अदालतमा भएका विकृति, विसंगति र भ्रष्टाचार रोक्न र पीडितले न्याय पाउने परिपाटी बसाल्ने आन्दोलन गरेको भए राणाले राजिनामा गर्न यतिका समय लगाउने थिएनन्। एक महिनाअघिदेखि जारी आन्दोलन वारपार हुनुपर्ने हो। सत्तासीन दलले चाहेमा निकास चाँडो छ। मूल जरोमा नगएर आन्दोलन दल र नेताहरूको दैलोमा पुग्नु परेको हो। कानुन व्यवसायी सोमबार सिंहदरबार छिरे। राजनीतिक दलका संसदीय कार्यालयमा पसे। प्रधानन्यायाधीश जबराविरुद्ध १७ अभियोग समेटिएको ज्ञापनपत्र सभामुख, राष्ट्रियसभा अध्यक्षसहित विभिन्न दलका नेतालाई बुझाए।

नेपाल बार एसोसिएसन अध्यक्ष चण्डेश्वर श्रेष्ठको नेतृत्वमा पूर्वअध्यक्ष, महान्यायाधिवक्ता सम्मिलित टोलीले पाँच पृष्ठको ज्ञापनपत्र बुझाएको छ। बार महासचिव लीलामणि पौडेलले ती अभियोग पढेर सभामुख अग्निप्रसाद सापकोटा, राष्ट्रियसभा अध्यक्ष गणेश तिमिल्सेनालाई सुनाएका छन । एमाले संसदीय दलका उपनेता सुवास नेम्बाङ, माओवादी केन्द्रका प्रमुख सचेतक देव गुरुङ, जनता समाजवादी पार्टी(जसपा) नेपालका संघीय परिषद्का अध्यक्ष डा. बाबुराम भट्टराई, लोकतान्त्रिक समाजवादी पार्टीका प्रमुख सचेतक लक्ष्मणलाल कर्ण, नेकपा मसालका प्रवक्ता रामप्रकाश पुरीलाई बारले आफ्नो कुरा सुनाएको छ।उनीहरूले कुटनैतिक रुपमा आन्दोलनमा ऐक्यबद्धता जनाएका छन।

कांग्रेस, नेकपा एकीकृत समाजवादीलगायत दलका नेतालाई भने ज्ञापनपत्र बुझाउन बाँकी रहेको छ।आन्दोलनको अगुवाइ गर्ने र सरकारलाई प्रभावित पार्न सक्नेहरुलाई दिनहुँजसो धर्ना र दल र नेताको दैलो पुग्नुपर्ने अवस्था आउनु राम्रो होइन। विद्वान कानुन ब्यवसायिले गरेको आन्दोलनलाई ट्रेड युनियनको जस्तो बनाउन नदिन सरोकारवाला गम्भीर हुनु जरुरी छ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : ब्यापारमा लाभ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शारीरिक झमेला | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : मानसिक तनाब |
| कन्या | : मन चञ्चल | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# तनहुँको दुवै क्षेत्रमा नयाँ नेतृत्व

**पोखरापत्र संवाददाता**

**दमौली, ८ मंसिर**

नेपाली कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत प्रतिनिधिसभा निर्वाचन क्षेत्रका लागि भएको अधिवेशनबाट तनहुँ क्षेत्र नं १ को सभापतिमा श्याम मौराती र क्षेत्र नं २ को सभापतिमा चुडामणि खनाल निर्वाचित हुनुभएको छ।

मङ्गलबार सम्पन्न मतगणनानुसार ४८५ मत प्राप्त गरी मौराती क्षेत्रीय सभापतिमा निर्वाचित हुनुभएको हो। सभापतिका प्रतिस्पर्धी विश्व बाँस्तोलाले ४०२ मत प्राप्त गर्नुभयो। पदाधिकारीमा मौरातीको प्यानल नै विजयी भएको छ । क्षेत्रीय सचिवमा दयानिधि नराल र राजु बानियाँ निर्वाचित हुनुभयो । उहाँहरूले क्रमशः ४६३ र ४५९ मत प्राप्त गर्नुभयो । प्रतिस्पर्धी तारानरेश पौडेलले ३६१ र चुडामणि दाहालले ३८५ मत प्राप्त गर्नुभयो । सह-सचिवमा युवराज आले र शैलेश खाती निर्वाचित हुनुभएको छ। उहाँहरूले क्रमशः ४७४ र ४३६ मत प्राप्त गर्नुभयो। प्रतिस्पर्धी रविन पौडेलले ३८९ र अर्जुन अधिकारीले ३६९ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ। यस्तै महाधिवेशन प्रतिनिधिमा खुला पुरुषतर्फ वैकुण्ठ न्यौपाने ५५९, रघुनाथ पौडेल ४९१, रामचन्द्र पोखरेल ४८०, दीपक भट्टराई ४५६, देवकुमार श्रेष्ठ ४५५, रेशमलाल गुरुङ ४४१, सुरेश भट्टराई ४२६, आनन्दराज त्रिपाठी ४२२, रामचन्द्र अधिकारी ४११ र लक्ष्मीप्रसाद आचार्य ४०५ मत प्राप्त गरी निर्वाचित हुनुभयो।

खुला महिलातर्फ चिनु पोखरेल ५३०, नारायणी अधिकारी ४९९, विणा कैनी ४३९ र पुष्पादेवी श्रेष्ठ ४१९ मत प्राप्त गरी विजयी हुनुभयो। दलित खुलातर्फ डोवाटे विक, खसआर्य पुरुषतर्फ शान्तिरमण वाग्ले ५६२, रामबहादुर बानियाँ ४६७, जनजाति खुलामा अशोककुमार श्रेष्ठ ४६७, टेकबहादुर गुरुङ ४३६ र पूर्णबहादुर गुरुङ ४२१ मत प्राप्त गरी विजयी हुनुभयो। आदिवासी जनजाति महिलातर्फ सरिता गुरुङ ५४० र आशा थापा ४०३ मत प्राप्त गरी विजयी हुनुभएको छ। दलित महिलातर्फ चन्द्रमाया परियार ४८८ र अल्पसङ्ख्यकतर्फ खरसिं दरै ५०९ मत प्राप्त गरी विजयी हुनुभयो । खसआर्य महिलातर्फ पवित्रा पौडेल सर्वसम्मत महाधिवेशन प्रतिनिधिमा चयन हुनुभएको छ । महाधिवेशन प्रतिनिधिमा विजयी त्रिपाठी, श्रेष्ठ, थापा र गुरुङ बाँस्तोला प्यानलका तथा अन्य मौराती प्यानलका हुन्। यसैगरी तनहुँ क्षेत्र नं २ को सभापतिमा चुडामणि खनाल निर्वाचित हुनुभएको छ। खनाल ४४७ मतसहित सभापतिमा विजयी हुनुभएको हो। प्रतिस्पर्धी कृष्णराज पण्डितले ३९६ मत प्राप्त गर्नुभयो । पदाधिकारीमा खनाल प्यानल विजयी भएको छ। क्षेत्रीय सचिवमा जीवनचन्द ठकुरी ५१७ र सन्तोष घिमिरे ४८३ मत प्राप्त गरी विजयी हुनुभयो। सहसचिवमा याम सारु मगर र चित्रबहादुर राना विजयी हुनुभयो। उहाँहरूले क्रमशः ५०३ र ५३६ मत प्राप्त गर्नुभयो। प्रतिस्पर्धी नरसिं रानाले ३१९ र टुकराज श्रेष्ठले २९८ मत प्राप्त गर्नुभयो। महाधिवेशन प्रतिनिधिमा खुलातर्फ जितप्रकाश आले ५८०, ध्रुव वाग्ले ५६१, राजेन्द्रकृष्ण श्रेष्ठ ५२९, झुलबहादुर आले ५२०, मिलन आले ४८८, किसान गुरुङ ४५९, महेश्वर भट्टराई ४४४, जीवन शर्मा ४३०, भक्त श्रेष्ठ ४१८ र कृष्ण गौतम ३९६ मतसहित विजयी हुनुभयो। खुला महिलातर्फ माया रानाले ४५५, इन्दिरा सिग्देलले ३७६, तुलसीमाया अधिकारीले ३६१ र लक्ष्मी वाग्लेले ३६१ मत प्राप्त गरी विजयी हुनुभयो।

यस्तै महाधिवेशन प्रतिनिधिमा खसआर्य पुरुषतर्फ डिल्लीराम अधिकारी ४५५, खसआर्य महिलातर्फ लक्ष्मी सिग्देल ५०६, जनजाति पुरुषतर्फ मोहनकुमार श्रेष्ठ ४२१, भीमबहादुर थापा मगर ४४२, चामबहादुर थापा ४४३, जनजाति महिलातर्फ गिनुमाया थापा ५१०, नरमाया आले थापा ४९३ र पम्फा थापा ४५२ मत प्राप्त गरी विजयी हुनुभयो। दलित पुरुषतर्फ रामकृष्ण विक ४६२, दलित महिलातर्फ दिव्यश्वरी विक ४६९ र अल्पसङ्ख्यक/अपाङ्गतर्फ गङ्गाराम कुमाल ४७७ मत प्राप्त गरी विजयी हुनुभयो। सोमबार सम्पन्न मतदानमा तनहुँ क्षेत्र नं १ मा ९५४ मध्ये ९३१ मत तथा तनहुँ क्षेत्र नं २ मा ८६६ मध्ये ८६० मत खसेको निर्वाचन समितिले जनाएको छ।

# आँखाको शल्यक्रिया गराउँदा वृद्धवृद्धा हर्षित

**पोखरापत्र संवाददाता**

**दमौली, ८ मंसिर**

तनहुँको आँबुखैरेनी गाउँपालिकामा सञ्चालित आँखा शिविरमा ६६ जनाको आँखाको शल्यक्रिया गरिएको छ।

नेपाल नेत्रज्योति सङ्घ, भरतपुर आँखा अस्पतालको आयोजना, आँबुखैरेनी गाउँपालिका र नेपाल नेत्रहीन सङ्घ पुनर्स्थापना कार्यक्रम गोरखाको सहकार्यमा आँबुखैरेनी गाउँपालिका-३ मा सञ्चालित तीनदिने शिविरमा ६६ जनाको आँखाको शल्यक्रिया गरिएको हो। शिविरमा दुई सयजनाको आँखा परीक्षण गरिएको थियो। आँखामा मोतियाविन्दु देखिएकाहरूको सोही ठाउँमा नै शल्यक्रिया गरिएको आँबुखैरेनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखेलले जानकारी दिनुभयो । भरतपुर आँखा अस्पतालका डा रञ्जीतकुमार शाहको नेतृत्वमा चिकित्सकको टोलीले वृद्धवृद्धाको आँखाको शल्यक्रिया गरेको थियो। आफ्नै ठाउँमा आँखाको शल्यक्रिया गर्न पाउँदा वृद्धवृद्धा हर्षित भएका छन्। गाउँपालिकाले नीतिगत निर्णय गरेर आँखा क्लिनिक र आँखा शिविर सञ्चालन गर्ने तयारी गरेको प्रमुख प्रशासकीय अधिकृत पोखेलले जानकारी दिनुभयो । "गाउँघरमै आँखाको शल्यक्रिया गर्न पाउँदा स्थानीयवासीलाई पनि सहज भयो, नत्र चितवन, पोखरा, काठमाडौं जानुपर्ने बाध्यता थियो," उहाँले भन्नुभयो, "गाउँपालिकाले पनि अब शल्यक्रियासहितको शिविर सञ्चालन गर्ने तयारी गरेको छ।"

# कायत समुदाय मत गणनामा सहभागी हुने

**पोखरापत्र संवाददाता**

**बागलुङ, ८ मंसिर**

राष्ट्रिय जनगणना-२०७८ मा सहभागी नहुने घोषणा गरेका बागलुङको ढोरपाटनका कायत समुदाय जनगणनामा सहभागी हुने भएका छन्।

ढोरपाटन नगरपालिका-७ बोबाङका कायत समुदाय जनगणना कार्यालय बागलुङबीच सहमति भएपछि उनीहरू जनगणनामा सहभागी हुने भएका हुन्।

राज्यले पहिचान नदिएर बेवास्ता गरेको भन्दै जनगणनामा सहभागी नहुने जानकारी कायत एकता समाजले कात्तिकको अन्तिम साता दिएको थियो । जातीय पहिचानका आधारमा सरकारले विभिन्न स्थानमा आरक्षणलगायत छुट दिँदै आएको भए पनि पहिचानविहीन भएको भन्दै कायत समुदायले जनगणना बहिष्कार गर्ने निर्णय गरेका थिए।

तथ्याङ्क कार्यालयका प्रमुख मुकुन्दप्रसाद शर्मा लगायतको टोलीले मङ्गलबार उनीहरूसँग भेटघाट गरेको थियो। भेटघाटका क्रममा कायत समुदायको पहिचानका लागि पहल र विभिन्न ठाउँमा सिफारिस गर्ने प्रतिबद्धता जनाएपछि जनगणनामा सहभागी हुन राजी भएको कायत एकता समाजका अध्यक्ष नीमबहादुर कायतले जानकारी दिनुभयो । "जिल्ला तथ्याङ्क कार्यालय बागलुङको टोलीले हामीहरूसँग बैठक बसेर पहल गर्छु भनेपछि हामी जनगणनाका लागि राजी भएका छौँ," कायत भन्नुहुन्छ, "पहल गर्छौं भनेर प्रतिबद्धता जनाएपछि मात्र जनगणनामा सहभागी हुन हामी राजी भएको हौं।" हाल ढोरपाटनमा कायत समुदायका करिब ८० घरपरिवार बसोबास गर्दै आएका छन्। कायत समुदायलाई अल्पसङ्ख्यक समुदायमा सूचीकृत गरिनुपर्ने उनीहरूले बताउँदै आएका छन् । कायत नौथर समुदायभित्र पर्दछन्। नौथरभित्रकै पसाई र पुजाय थर लोप भइसकेका छन्। सहमतिपछि बुधबार उनीहरूको जनगणना गरिने शर्माले तथ्याङ्क तथा जनगणना कार्यालयका प्रमुख शर्माले बताउनुभयो।

# चार महिनामा १५ हजार सवारी चालकलाई कारबाही

**पोखरापत्र संवाददाता**

**तनहुँ, ८ मंसिर**

जिल्ला ट्राफिक कार्यालयले चार महिनाको अवधिमा झण्डै १५ हजार सवारीसाधनका चालकलाई कारबाही गरेको छ । गत साउनदेखि कात्तिक मसान्तसम्म १४ हजार ९५० सवारीसाधनका चालकलाई कारबाही गरिएको छ।

ट्राफिक नियमविपरीत सवारीसाधन चलाउँदा कारबाही गर्दा रु एक करोड एक लाख ६४ हजार राजश्व सङ्कलन भएको छ । कारबाहीमा पर्नेमा अधिकांश मोटरसाइकल चालक छन् । चालु आर्थिक वर्षको पहिलो चौमासिकमा २७ सवारीसाधन दुर्घटनामा परेका थिए।

दुर्घटनामा १२ जनाको मृत्यु हुनुका साथै ४० घाइते भएको जिल्ला ट्राफिक कार्यालयका प्रमुख प्रहरी नायब निरीक्षक डोलिन्द्रबहादुर हमालले जानकारी दिनुभयो । पृथ्वी राजमार्गमा सवारीसाधन दुर्घटना न्यूनीकरण गर्न तीव्रगति नियन्त्रण गर्नका लागि गत असोज ३ गतेदेखि राडरगनको प्रयोग गरिएको छ।

ट्राफिक व्यवस्थापनका लागि विभिन्न स्थानमा १४४ थान ट्राफिक कोण, ट्राफिक सङ्केत र होडिङबोर्ड राखिएको छ। उहाँले भन्नुभयो, "सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी ४३ कक्षा सञ्चालन गर्दा सात हजार ६४० जना लाभान्वित भएका छन् ।" चालु आवमा सवारी दुर्घटना न्यूनीकरण गर्नका लागि ९३ पटक गरी १६ हजार ७१५ थान पर्चा पम्प्लेट वितरण गरिएको हमालले बताउनुभयो।

'चालकसँग एक मिनेट' कार्यक्रमअन्तर्गत चालु आवमा २७६ पटक कार्यक्रम सञ्चालन गर्दा २३ हजार ८९७ चालक सहभागी थिए।

# बागलुङ क्षेत्र नं १ को शर्मा विजयी

**पोखरापत्र संवाददाता**

**बागलुङ, ८ मंसिर**

नेपाली कांग्रेस बागलुङ क्षेत्र नं १ मा चण्डीप्रसाद शर्मा विजयी हुनुभएको छ। प्रतिस्पर्धी खडकबहादुर थापालाई चार मतान्तरले पराजित गर्दै शर्मा विजयी हुनुभएको हो । शर्माले ५५४ मत प्राप्त गर्नुभएको छ भने थापाले ५५० मत मात्रै प्राप्त गर्नुभयो । सचिवमा शर्माको प्यानलबाटै जयराम भारी र गोबिन्द पौडेल (गोपाल) र सहसचिवमा गणेश लम्साल र विष्णु पौडेल विजयी हुनुभएको छ।

नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधिमा क्षेत्र नं १ बाट खुल्ला सदस्यतर्फ जगदीशचन्द्र उपाध्याय, हरिहर शर्मा, डिल्लीराम सुवेदी, मणिभद्र शर्मा कँडेल, प्रकाश शर्मा पौडेल, नवराज पौडेल, ओमकार थापा, चिरञ्जीवी गौतम, प्रकाश आचार्य र हरिप्रसाद श्रेष्ठ निर्वाचित हुनुभएको छ । खस आर्यबाट महिला सदस्यमा कमला पराजुली र भगवती शर्मा सापकोटा, खस आर्य खुल्ला सदस्यमा उमाकान्त पौडेल, नारायण शर्मा पौडेल र विष्णु शर्मा दारी विजयी हुनुभयो। आदिवासी जनजाति महिला सदस्यमा बेमकुमारी थापा, खुल्लामा वसन्तकुमार श्रेष्ठ र भीम श्रीषले चुनाव जित्नुभयो। दलित महिला सदस्यमा दुर्गादेवी विश्वकर्मा र दलित खुल्ला सदस्यमा सीताराम रसायली विजयी हुनुभयो।


**मादी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**थुमाकोडाँडा, कास्की, गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७८/०८/०९**

यस कार्यालयको मिति २०७८/०६/२५ गतेको "समाधान राष्ट्रिय दैनिक" पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि सिलबन्दी दरभाउ पत्र आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| ठेक्का नं. | कामको बिबरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (V.A.T. बाहेक) | कैफियत |
|---|---|---|---|---|
| 13/MRM/SQ/G/2078/79 | The Procurement of Supply and Delivery of High Density Polyethylene (HDPE) Pipe PN Standard for Madi Rm | Bishnumaya Suppliers, Pokhara-04, Kaski | NRs.12,38,706.00/- | |

**प्रमुख प्रशासकीय अधिकृत**

# गाउँमा पाउन छाड्यो खेताला

**पोखरापत्र संवाददाता**
**लमजुङ, ८ मंसिर**

गाउँमा खेताला पाउन छाडेपछि यहाँका किसान आधुनिक थ्रेसर मेसिनतर्फ आकर्षित हुन थालेका छन् । छिटो, छरिटो र सस्तो हुने भएकाले उनीहरूले धान भित्र्याउँन सो मेसिन उपयोगमा ल्याएका हुन् ।

पछिल्लो समय गाउँमा काम गर्ने खेताला पाउनै मुस्किल हुँदै गएको छ । पाए पनि महँगो हुने जनाइएको छ । कम समय र कम लागतमै धान झाट्ने भएकाले मेसिनको उपयोग वढेको हो ।

ठूला सहरका ठूला फाँटमा मात्र नभई थ्रेसर मेसिन यतिबेला जिल्लाका गाउँका खेतहरूमा समेत पुग्न थालेको छ। यो सँगै परम्परागत रूपमा धान थन्काउने चलन हराउन थालेको छ । जिल्लामा यतिबेला धान पाकेकाले धान काट्ने र झाट्नेमा किसान व्यस्त भएका छन् । अधिकांश किसानहरू धान काट्ने काम सकेर दाइँ हाल्दैछन् त कति हाल्ने तरखरमा छन् । केही केही ठाउँमा किसानहरूले परम्परागत रूपमा मान्छे र गोरुको सहायताले दाइँ हालिरहेका छन् । तर अधिकांश किसान आधुनिक थ्रेसर मेसिन प्रयोग गरिरहेका छन् । बैंसीसहर नगरपालिका-११ रामचोकबैंसीमा परम्परागत रूपमा गोरु र खेताला पाउन मुस्किल हुँदै जाँदा यतिबेला थ्रेसर मेसिनको बढ्यो प्रयोग भइरहेको स्थानीयवासी ईश्वरराज सेढाईंले बताउनुभयो । यहाँका ८० प्रतिशत किसानले थ्रेसर मेसिन प्रयोग गर्न थालेको उहाँको भनाइ छ ।

त्यस्तै, यहाँका किसान कमलराज सेढाइँले भन्नुभयो, "मेरो २० मुरी धान थ्रेसर मेसिनले एक घण्टा १० मिनेटमै धान र पराल छुटाएर सकायो ।" यतिका धानका लागि खेताला लगाएको भए, १०/१२ जना आवश्यक पर्ने र उनीहरूलाई दिनभरिमा पनि सकाउन गाह्रो पर्ने उहाँको भनाइ छ । थ्रेसर मेसिनले प्रतिघण्टा रु दुई हजार ५०० लिने गरेको र खेतालाले प्रतिव्यक्ति रु ८०० रुपैयाँ लिने गरेको छ । खेताला लगाउँदा रु नौ/दस हजारभन्दा बढी लाग्ने भए पनि मेसिनको प्रयोगले समयदेखि लागतसमेत धेरै कम गराएको उहाँले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "यहाँ खेताला खोज्दा पनि भेटिन मुस्किल हुन्छ, यस्ता बेलामा यहाँ थ्रेसर मेसिनले किसानलाई ठूलो राहत पुगेको छ ।" काम पनि छिटो, खर्च पनि कम समयको बचत, खेताला खोज्नुपर्ने बाध्यता हट्न थालेको किसानको भनाइ छ । गाउँमा काम गर्ने मान्छे पाउन मुस्किल छ । पाइएका खेतालाको खर्च पनि महँगो छ । "मेसिनबाट काम गर्दा काम पनि छिटो हुन्छ । पैसा पनि कम पर्छ । त्यसैले केही वर्षअघि बाट खेती भित्र्याउन थ्रेसर मेसिनकै प्रयोग गर्दै आएको राइनास नगरपालिका-६ स्थित चक्रतीर्थ तीनपिप्लेका किसान कृष्णबहादुर भट्टले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यहाँका किसानहरूलाई पहिला पहिला आधुनिक थ्रेसर मेसिनका बारेमा थाहा नहुँदा गोरु र खेताला खोज्दैमा हैरानी हुन्थ्यो, बल्लबल्ल गोरु खेताला पाए पनि महँगो भएर खेताला लगाउन पनि किसानलाई आर्थिक समस्या हुने गरे पनि यहीले यी सबै समस्या थ्रेसर मेसिनले हटाउँदै गएको उहाँको भनाइ छ। प्रतिघण्टा थ्रेसर मेसिनले धान पराल छुट्र्याएको करिब रु तीन हजारसम्म लिँदै आएका छन् । जिल्लाका बैंसीसहर, भोटेओडार, राइनास, सुन्दरबजार, फेदीकुना, पाउँदी लगायतका फाँटमा थ्रेसर मेसिनबाटै किसानले धान पराल छुट्याउने गरेका छन् ।

# धौलागिरि बहुमुखी क्याम्पसमा थपियो छात्रावासको सुविधा

**पोखरापत्र संवाददाता**
**गलकोट, ८ मंसिर**

धौलागिरिको एक मात्र आङ्गिक क्याम्पस धौलागिरि बहुमुखी क्याम्पसमा छात्रावासको सुविधा थप भएको छ। यसअघि छात्रहरूका लागि मात्रै आवासीय सुविधा दिँदै आएको क्याम्पसले हालै सुविधासम्पन्न छात्रावास निर्माण सम्पन्न गरेको छ ।

सरकारी क्याम्पसका रूपमा रहेको सो क्याम्पसमा साबिक धौलागिरि अञ्चलको बागलुङसहित मुस्ताङ, म्याग्दी र पर्वतका विद्यार्थीहरू स्नातक तथा स्नातकोत्तर तह अध्ययन गर्दै आएका छन्। बाहिरी जिल्लाबाट आएर कोठा भाडा तिरेर अध्ययन गर्ने विद्यार्थीका लागि लक्षित गरी छात्रावास तयार गरिएको क्याम्पसले जनाएको छ ।

कोठा भाडामा बसेरसमेत अध्ययन गर्न नसक्ने विद्यार्थीहरूलाई क्याम्पसले निःशुल्क रूपमा आवासीय सुविधा दिन लागेको क्याम्पस प्रमुख डा रामप्रसाद उपाध्यायले जानकारी दिनुभयो । "खासगरी दुर्गमबाट आएका जेहेन्दार र गरिब विद्यार्थीका लागि त्रिभुवन विश्वविद्यालयले बनाएको नियमका आधारमा विद्यार्थी छनोट गरेर आवासीय सुविधा दिइन्छ," उहाँले भन्नुभयो, "आवासको अभावमा यसअघि छात्रहरूका लागि आवासीय सुविधा दिए पनि छात्रालाई दिन सकिएको थिएन, अहिले रु तीन करोड लागतमा सुविधासम्पन्न छात्राहरूका लागि आवास निर्माण गरिएको छ, अहिले बेड बिस्तारा तयारीमा छौँ, केही समयभित्रै विद्यार्थीलाई आवासीय सुविधा दिनेछौँ ।" दुई वर्षअघि निर्माण सुरु गरेको छात्रावासले पूर्णता पाएपछि क्याम्पसले पहिलोपटक छात्राहरूका लागि आवासीय सुविधा दिन थाल्नेछ । अहिले निर्माण भएको नयाँ भवनमा ७५ महिला विद्यार्थी राख्न सकिने क्याम्पसले जनाएको छ ।

छात्रावास पर्खालले घेरेर निकै सुरक्षित र सुविधायुक्त समेत बनाइएको क्याम्पसको भनाइ छ । यसअघि छात्रावास नहुँदा गरिब तथा विपन्न र दुर्गमका विद्यार्थीहरूले कोठा भाडा तिरेर अध्ययन गर्दै आएका थिए भने केही विद्यार्थी छात्रावासको अभावमा पोखरा काठमाडौँ जाने गरेका थिए । भवनको तीन चरणमा ठेक्का सम्झौता गरी निर्माण सम्पन्न भएको थियो । ए.ए कन्सट्रक्सन प्रालि र सातबिसै निर्माण सेवासँग ठेक्का सम्झौता गरी भ्याटबाहेक रु एक करोड ९८ लाखमा ३१ हजार लागतमा निर्माण सम्पन्न भएको हो । तीन तलाको सुविधासम्पन्न छात्रावासभित्रै चमेनागृहको समेत व्यवस्थापनका लागि काम भइरहेको छ । छात्रावाससँगै अध्ययनका लागि वञ्चित भएका दुर्गमका जेहेन्दार विद्यार्थीहरूलाई समेत अवसर हुने क्याम्पसका विद्यार्थी कल्याण प्रमुख कमल शर्माले जानकारीदिनुभयो ।

"कतिपय विद्यार्थीहरू छात्रावासको अभावमा पोखरा काठमाडौँसमेत जाने गरेका थिए, महिला विद्यार्थीलाई झनै समस्या थियो," उहाँले भन्नुभयो, "छात्रा तथा छात्रवासले धौलागिरि क्याम्पसप्रति विद्यार्थीको आकर्षण झनै बढाउनेछ । निजी क्याम्पसप्रति विद्यार्थीको आकर्षण रहेको सन्दर्भमा यहाँको क्याम्पसमा भने दुई हजार विद्यार्थीले अध्ययन गरिएको क्याम्पसको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

क्याम्पसमा विज्ञान, वाणिज्यशास्त्र, मानविकी र शिक्षा सङ्कायमा स्नातक तथा स्नातकोत्तर तहको अध्यापन भइरहेको छ ।

# सूचना प्रविधि क्षमतामा जिल्लामै उत्कृष्ट पालिका काठेखोला

**पोखरापत्र संवाददाता**
**बागलुङ, ८ मंसिर**

बागलुङका १० पालिकामध्ये सूचना प्रविधिको क्षमतामा काठेखोला गाउँपालिका उत्कृष्ट भएको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत स्थानीय तहको सूचना प्रविधि क्षमताको लेखाजोखा मूल्याङ्कनमा जिल्लामै सो गाउँपालिका उत्कृष्ट भएको छ । मन्त्रालयअन्तर्गतको सूचना तथा प्रविधि शाखाले हालै सार्वजनिक गरेको मूल्याङ्कन प्रतिवेदनका आधारमा काठेखोलाले जिल्लाको १० पालिकामध्ये सबैभन्दा बढी अङ्कभार प्राप्त गरेको छ ।

विद्यालयमा सिसी क्यामेरा, कार्यालय विद्युतीय हाजिरी, वैकल्पिक ऊर्जाका लागि सोलार, इन्टरनेटको पुहँच, सेवा प्रभावमा प्रविधिको प्रयोग जस्ता विषयका आधारमा पालिकाले ६० अङ्कभार प्राप्त गरेको काठेखोला गाउँपालिकाका अध्यक्ष अम्मरबहादुर थापाले जानकारी दिनुभयो । वेबसाइट व्यवस्थापनसहित डिजिटल माध्यमबाट गाउँपालिकाले प्रदान गरेको सेवाका आधारमा काठेखोलाले जिल्लाको १० पालिकामध्ये काठेखोला उत्कृष्ट भएको हो। त्यसपछि निसीखोला गाउँपालिकाले ५२ अङ्क प्राप्त गरेर जिल्लामा दोस्रो उत्कृष्ट भएको छ । एक सय अङ्कभार रहेको प्रश्नमा बरेङले ४९, तमानखोला ४५, ढोरपाटन नगरपालिकाले ४१ अङ्क प्राप्त गरेको छ । देशरभरका ७५३ तहमध्ये ४३४ वटा स्थानीय तहहरूले उक्त विवरण उपलब्ध गराएका थिए । जिल्लाका अन्य पाँच स्थानीय तहले भने विवरण नै उल्लेख नगरेको तथ्याङ्कमा उल्लेख गरिएको छ। पालिकाको सूचना प्रविधिसँगको सामीप्यता, सूचना प्रविधिसम्बन्धी संस्थागत क्षमता र सूचनासँग जोडिएका नागरिकको सेवाका विषयका आधारमा पालिकालाई अङ्क प्रदान गरेको थियो ।

# ताकमकोतमा भक्तजन र पर्यटक बढे

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ८ मंसिर**

पूर्वाधार निर्माणसँगै धवलागिरि गाउँपालिका-७ स्थित ताकमकोतमा भक्तजन र पर्यटक बढेका छन् । यहाँको प्रमुख शक्तिपीठ मानिने ताकमकोतको जगन्नाथ अन्नपूर्ण मन्दिरमा पूजाआजा र भाकल गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ। पूजाआजा र अवलोकनका लागि आउने भक्तजन बढेका ताकमकोतका पुजारी हेमनाथ पौडेलले बताउनुभयो ।

"दुई वर्षअघिसम्म सुनसान हुने गर्दथ्यो", उहाँले भन्नुभयो, "अहिले दैनिकजसो भक्तजन आउँछन् ।" नजिकका भक्तजन सडकमार्ग भएर गाडीमार्फत र टाढाका हेलिकोप्टर चढेर आउन थालेका उहाँले बताउनुभयो । गत हप्ता नेपाल प्रहरीका पूर्व महानिरीक्षक सर्वेन्द्र खनाल हेलिकोप्टर चढेर पूजाआजाका लागि परिवारसहित ताकमकोत पुग्नुभएको थियो । जगन्नाथ, अन्नपूर्ण, दुर्गालगायत देवी-देवताको मूर्ति रहेको यहाँ नवदुर्गा, जेष्ठी पूर्णिमा, मङ्सिर पूर्णिमा, चैत्राष्टमी पर्वका अवसरमा विशेष मेला लाग्ने गर्छ। पछिल्लो समय पूजाआजा नभएको र मेला नलागेको समयमा पनि दैनिकजसो भक्तजन आइरहेका पुजारी पौडेलले बताउनुभयो। ताकम र देवीस्थान हुँदै कोत परिसरमा पुग्ने दुई सडक निर्माण भएका छन् । सडकबाट कोतसम्म पुग्ने पैदलमार्ग निर्माण गरिएको छ। विसं १२४६ देखि १५४५ सम्म बगाले थापाको र १५४६ देखि १८८२ सम्म मल्ल राजाले कोतघरका रूपमा समेत प्रयोग भएको उक्त मन्दिरमा ऐतिहासिक महत्वका तोप, तरबार, खुँडा, खुकुरी, ढाललगायत हातहतियार छन् । समुद्री सतहबाट दुई हजार ५०० मिटरको उचाइमा अवस्थित ताकमकोतबाट गुर्जा, धवलागिरि, निलगिरि, अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खलाका साथै मनोरम पहाडी भूगोल, ग्रामीण बस्ती र सूर्योदयको दृष्यावलोकन गर्न सकिन्छ। स्वदेश तथा विदेशमा रहेका ताकम र आसपासका गाउँका बासिन्दाबाट चन्दा जुटाएर करिब रु ८० लाखमा दुई वर्षअघि ताकमकोतको कोतघर र अन्नपूर्ण-जगन्नाथ मन्दिरको पुनःनिर्माण गरिएको थियो। सोह्रौँ शताब्दीमा निर्माण गएिको ताकमकोत विसं १९९० र २०७२ को भूकम्पका कारण जीर्ण बनेको थियो।

ताकमकोतको एकीकृत विकास गर्ने उद्देश्यले तयार पारिएको गुरुयोजनानुसार पहिलो चरणमा कोतघर, अन्नपूर्ण-जगन्नाथ मन्दिर, सत्तल र सार्वजनिक शौचालय निर्माण गरिएको पुनःनिमाण समितिका अध्यक्ष तेजिन्द्र थापाले बताउनुभयो। "रु दुई करोड ५० लाख लागत अनुमान गरिएको गुरुयोजना कार्यान्वयनका क्रममा हालसम्म रु एक करोड ५० लाखभन्दा बढी खर्च भएको छ", उहाँले भन्नुभयो "धवलागिरि गाउँपालिका र पर्यटन मन्त्रालयले पनि लगानी गरेका छन् ।"

पुरातत्व विभागले गत वर्ष विनियोजन गरेको रु ५० लाखबाट ठेक्कामार्फत सुरु गरेको अर्को मन्दिर निर्माण भने अलपत्र परेको छ । तामाले छाउने डिजाइन भएको मन्दिरमा जस्तापाता राखेकाले स्थानीयवासीले विरोध गरेपछि काम छाडेका निर्माण व्यवसायी अधकल्चो मन्दिर छाडेर सम्पर्कविहीन बनेका वडासदस्य देवेन्द्र थापाले बताउनुभयो ।

# १८ वर्षमाथिकालाई कोरोनाविरुद्धको खोप

**पोखरापत्र संवाददाता**
**दमौली, ८ मंसिर**

१८ वर्षभन्दा बढी उमेर पुगेका सबै नागरिकलाई कोरोनाविरुद्धको खोप लगाइने भएको छ । तनहुँका विभिन्न स्थानीय तहले १८ वर्षमाथिका सबै नागरिकलाई कोरोनाविरुद्धको खोप लगाउन लागेको हो । केही स्थानीय तहले पनि खोप अभियान सम्पन्न गरिसकेका छन् ।

बन्दीपुर गाउँपालिकाले १८ वर्ष उमेर पूरा भएका सबै नागरिकका लागि मङ्सिर ८ गते कोभिडसिल्ड र एस्ट्रेजेनेका खोप लगाउने स्वास्थ्य शाखाप्रमुख अन्जिर भट्टराईले जानकारी दिनुभयो। गाउँपालिका-१ स्थित पिप्ले आधारभूत स्वास्थ्य सेवा केन्द्र र वडा नं ४ स्थित बन्दीपुर अस्पतालबाट खोप अभियान सञ्चालन गर्नेछ । गाउँपालिकाले यसअगाडि लक्षित समूहका नागरिक, ज्येष्ठ नागरिक, विद्यार्थी लगायतलाई खोप लगाइसकेको छ। देवघाट गाउँपालिकाले मङ्सिर ८ र ९ गते १८ वर्षमाथिका सबै नागरिकलाई खोप लगाउने भएको छ । गाउँपालिकाले वडा नं ५ स्थित देवघाट धर्मार्थ अस्पतालमा खोप अभियान सञ्चालन गर्ने प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीले जानकारी दिनुभयो। कोरोना रोकथाम तथा नियन्त्रण गर्दै सङ्क्रमणको जोखिमबाट नागरिकलाई जोगाउन चरणबद्ध तरिकाले प्राथमिकता र भ्याक्सिन उपलब्धताका आधारमा खोप अभियान सञ्चालन गरिँदै आएको सुवेदीले बताउनुभयो।

व्यास नगरपालिका, भिमाद नगरपालिका र आँबुखैरेनी गाउँपालिकाले भने १८ वर्षमाथिका सबै नागरिकलाई खोप लगाइसकेको छ। व्यास नगरपालिकाले छुट भएका १८ वर्षमाथिका नागरिकलाई पुनः खोप लगाउने भएको छ। मङ्सिर ८ र ९ गते विभिन्न स्वास्थ्य संस्थामार्फत यसअघि छुट भएका सबैलाई खोप लगाइने स्वास्थ्य शाखाप्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो ।

नगरपालिकामा १२ वटा स्वास्थ्य संस्थामार्फत खोप लगाइनेछ । व्यास-१ को चारकुने स्वास्थ्य केन्द्र, व्यास- २ को केराबारी स्वास्थ्य केन्द्र, व्यास-३ को नगरपालिकाको सभाहल, व्यास-४ को वडा कार्यालय, व्यास-५ को पतेनी आधारभूत स्वास्थ्य केन्द्र, व्यास-६ को स्याम्घा स्वास्थ्यचौकी, व्यास-७ को पाथ्रा स्वास्थ्य केन्द्र, व्यास-८ को रिस्ती स्वास्थ्यचौकी, व्यास-९ को गजुरे स्वास्थ्यचौकी, व्यास-१० को कोभिड व्यवस्थापन अस्पताल, व्यास-११ को तनहुँसुर स्वास्थ्यचौकी र व्यास-१२ को घाँसीकुवा स्वास्थ्यचौकीमा खोप अभियान सञ्चालन गरिने भएको छ । तनहुँका हालसम्म ६५ हजार आठ सय ३८ जनाले खोपको दुवै मात्रा लगाइसकेका छन् भने ८६ हजार दुई सय १६ ले पहिलो मात्रा लगाएका छन् ।

स्वास्थ्य कार्यालयका खोप अधिकृत शङ्करबाबु अधिकारीका अनुसार भानुका नौ हजार चार सय ३६, व्यासका १६ हजार सात सय ४६, शुक्लागण्डकीका १० हजार ६१, भिमादका छ हजार पाँच सय २५, म्याग्देका चार हजार छ सय ४५, घिरिङका दुई हजार सात सय ८८, ऋषिङका तीन हजार सात सय २९, देवघाटका तीन हजार पाँच सय ८९, बन्दीपुरका चार हजार ४७ र आँबुखैरेनीका चार हजार दुई सय ७२ ले खोपको दुवै मात्रा लगाएका छन् ।


## विमालेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बाट जारी गरिएको निम्न लिखित विमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको शाखा कार्यालय वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध छ।

नाम: मन्जु कार्की
विमालेख नं: ००१००१८१५८

सम्पर्क
गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रिय कार्यालय, पोखरा
०६१-५२४४५०, ९८०६५७२१३०



## BRPs Card हरायो

म रामप्रसाद गुरुङको यु.के. को Biometric Residence Permits (BRPs) कार्ड माटेपानी पोखरा-१२ बाट महेन्द्रपुल आउने क्रमशमा मिति २०७८ कार्तिक २ गते कार्ड सहितको व्याग हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगानामा स्रम्पर्क गरिदिनु होला ।

नामः रामप्रसाद गुरुङ
ठेगानाः माटेपानी पोखरा-१२ घर नं. २९
सम्पर्क नं.: ९८०८८१६२३६



**Phedikhola Rural Municipality**
**Office of Rural Municipal**
**Executive Phedikhola, Syangja**
**Gandaki Province, Nepal**

## Amendment in Invitation for Bids Notice

**First date of Publication: 25th November, 2021**
**Amendment No. 1, Contract Identification No. : PRM-G-NCB-29-078-79**

The following amendment has been made for the bid notice No. 10/078/79/PRM published in "Pokharapatra" National daily newspaper dated on 23 November 2021 and bid documents published in website www.bolpatra.gov.np/egp.

1. Clause 1, sentence two of 'invitation for bid' notice published in Pokharapatra daily, is amended as: "The estimated cost of the vehicle is NRs. 19,65,000.00 (Including transportation, VAT & other taxes) in custom free process."
2. Instead of the term "The estimated cost of the vehicle is NRs. 2,300,000.00 (Including transportation, VAT & other taxes)" mentioned anywhere in bid document, are amended as: "The estimated cost of the vehicle is NRs. 19,65,000.00 (Including transportation, VAT & other taxes)in custom free process."
3. Instead of word "ambulance" mentioned anywhere in bid document, are amended as the " ambulance of Category 'Kha' as per ministry of health and population."